JIKaP
***Journal of Indigenous Knowledge and Practice***
*2026, Vol. 2, No. 1, pp. 225-248*
*https://doi.org/10.3126/jikap.v2i1.98135*
**Article History:** Received: 1 February 2026; Reviewed: 4 June 2026; Revised: 30 June 2026; Accepted: 7 July 2026

# A Study of Mang in Mundum of Kirat Rai People

Dilendra Mukarung Rai
*Grammar School/College, Koteshwor, Kathmandu*
Author's Email: raidilendra97@gmail.com

## Abstract

Suptulung (the three-stone hearth) is established and valued through worshipping the ancestors and nature as the physical symbol of 'Mang' in the Mundum tradition of the indigenous Kirat Rai community, where 'Mang' is regarded as the principal creator. According to the Mundum 'Mang' 'ancestor', who is believed to reside within the hearth, is valued as the universal, omnipresent, supreme, omniscient, infinite and incomparable source of supreme physical and spiritual power. Accordingly, the primary objective of this study is to examine, highlight, and revitalize the cultural, social, and ecological values and beliefs embedded in 'Mang' tradition. Since this is a thematic study, this study employed a qualitative research methodology and an interpretive theoretical approach to generate meaningful interpretations in the study. Data were collected through interview, interaction and secondary sources published as relevant documents. The Suptulung, which symbolizes 'Mang', the ancestor and nature, is established and preserved within the Mɑgkhim 'ancestral house'. The Samkhamang (clan ancestral hearth) is considered the primary embodiment of consciousness, representing the illumination of the spiritual consciousness inherent in the ancestors and nature. It is considered that Paruhang and Sumdimamang (ancestor) are human creators and Ninammahang (sky) and Henkhamamang (earth) are creators of nature and the entire universe. Ancestors or human species are viewed as a creation of nature; consequently, the ancestors are regarded as the 'Mang', the sacred center of faith, expressed through rituals and worship from birth to death and reflected in daily behavior, culture, civilization, time and space, materialistic objects, spirits, consciousness and cosmic energy, is considered as the fundamental element and bacic ground of the Mundum. This study explores the inherent cultural values, norms, and perspectives in the Mundum associated with 'Mang' as a new field of study within the Rai community.

# किरात राई जातिको मुन्दुममा माङको अध्ययन

दिलेन्द्र मुकारुङ राई
*ग्रामर विद्यालय/कलेज, कोटेश्वर, काठमाडौँ*

**लेखसार**

आदिवासी किरात राई समुदायको मुन्दुममा 'माङ' लाई प्रमुख सृष्टिकर्ताको आधार मानी भौतिक प्रतीकको  रूपमा सुप्तुलुङ (तीनचुला) लाई स्थापना गरी पितृ र प्रकृतिको सेवापूजा गर्ने गरिन्छ। मुन्दुम अनुसार चुलामा अन्तर्निहित 'माङ' (पितृ)लाई भौतिक तथा आत्मिक चैतन्यको सर्वमान्य, सर्वव्यापी, सर्वशक्तिमान, सर्वज्ञाता, अनन्त, अद्वितीय, महाशक्तिको स्रोत मानी पुजिने भएकोले उनीहरूको सांस्कृतिक, सामाजिक साथै प्राकृतिक मूल्य र मान्यतालाई उजागर गर्दै पुनःस्थापना गर्नु नै अध्ययनको मुख्य उद्देश्य रहेको छ। यो विषयगत अध्ययन भएकोले गुणात्मक अनुसन्धान पद्धतिको प्रयोग गरी अर्थपूर्ण व्याख्यात्मक सैद्धान्तिक दृष्टिकोणको प्रक्रिया अपनाइएको छ। अन्तर्वार्ता, अन्तक्रिया साथै पूर्वसाहित्य अध्ययन तथ्याङ्कहरूको स्रोतहरू रहेका छन्। पुर्खा र प्रकृतिको प्रतीक सुप्तलुङ (चुला) लाई आफ्नै घर माङखिम (पितृघर) मा स्थापना गरी 'माङ' लाई ससम्मान राखिएको पाइन्छ। तिनै पुर्खा र प्रकृतिमा अन्तर्निहित आत्मिक चेतनाको प्रकाशजन्य मुख्य चैतन्यस्वरूप साम्खामाङ (कुलपितृ) रहेको देखिन्छ। पारुहाङ र सुम्दिमामाङ मानव सृष्टिकर्ता र  निनाम्माहाङ (आकाश) र हेन्खामामाङ (धर्ती) प्रकृति, चराचर जगतको सृष्टिकर्ताको रूपमा रहेको देखिन्छ। पुर्खाहरूलाई माङको रूपमा मान्नुको अन्तिम अर्थ पितृपुर्खा अर्थात् मानव जाति पनि प्रकृतिकै उपज वा सृष्टि मानिएको देखिन्छ । जन्मदेखि मृत्यु संस्कार सम्म सेवा पूजा गरिने पवित्र आस्थको केन्द्र, दैनिक व्यवहार, संस्कृति, सभ्यता, समय, वस्तु, आत्मा, चेतना, ब्रह्माण्डीय उर्जा (Cosmic Energy) नै 'माङ' को तात्विक रूप र मुन्दुमको आधार रहेको देखिन्छ। यो अध्ययनले राई समुदायको सुप्तलुङ (पितृचुला) भित्र अन्तर्निहित मुन्दुममा रहेको **'माङ'** प्रतिको सांस्कृतिक मूल्य, मान्यता साथै विश्व दृष्टिकोणलाई नवीन विषयको रूपमा उजागर गरिएको छ।

*शब्दकुञ्जी* : बान्तावा, माङ, साम्खामाङ, हेन्खामा, पुर्खा

## परिचय

आदिवासी किरात राई समुदायमा 'माङ' (पित्री/पितृ)लाई आफ्नै घर, माङखिम (पितृघर) मा सुप्तलुङ (पितृचुला) स्थापना गरी सृष्टिकर्ताको रूपमा मानी पूजेको पाइन्छ। सुप्तुलुङ (पितृचुला) लाई माङ अर्थात् पुर्खा र प्रकृतिको प्रतीकको सर्वमान्य रूपमा आस्था राखेको, मानेको देखिन्छ। पुर्खा र प्रकृतिको भौतिक प्रतीकको रूपमा सुप्तुलुङ (चुला) लाई स्थापना गरी सेवापुजा गर्नु नै यथार्थमा माङको आराधाना गरिनु हो। उनीहरूको सम्पूर्ण जीवन शैलीको प्रमुख आधार र मुन्दुमी दर्शनको स्रोत पनि माङ (पितृचुला) लाई नै मानेको देखिन्छ। सुप्तुलुङ (चुला) जमिनमा राखिएको तीन ढुङ्गा मात्र होइन, खासमा यो एउटा सांस्कृतिक संस्था हो (किरात र सुप्तुलुङ, २०७५ सम्पादकीय)। सुप्तुलुङ (चुला) भित्र अन्तर्निहित उनीहरूको माङ (पुर्खा र प्रकृति) प्रतिको सांस्कृतिक, सामाजिक र प्राकृतिक मूल्य र मान्यता अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ। सुप्तुलुङ (पितृचुला) भित्र अन्तर्निहित माङ (पितृ) किरात राई विविध भाषिहरूको एउटै सांस्कृतिक आस्थाको केन्द्रको रूपमा रहेको देखिन्छ। तसर्थ किरात राई समुदायमा सुप्तुलुङ अत्यन्त पुजनीय, सम्मानननीय, महत्वपूर्ण र अर्थपूर्ण रहेको देखिन्छ।

लामा (२०६८)ले राष्ट्रिय योजना आयोग (२०६४/६५-२०६६/६७) मा राष्ट्रिय सांस्कृतिक नीतिको विकास गरी राष्ट्रकै धरोहरको रूपमा रहेका आदिवासी, जनजातिहरूको भाषा, धर्म, संस्कृतिको संरक्षण सम्बर्द्धन गरिने कुरा उल्लेख गरेका छन्। राई समुदायको चुलाभित्र अन्तर्निहित मुन्दुममा माङको विशिष्ट सांस्कृतिक मूल्य र मान्यताहरू राष्ट्रकै धरोहरको रूपमा रहेको देखिन्छ। मुन्दुममा माङको खोज, अध्ययन, पहिचान र उजागर गर्ने कार्य समग्र रूपमा हुन अझै बाँकी नै रहेको विगत अध्ययनले देखाउँदछ। तसर्थ किरात राई जातिको चुलाभित्र अन्तर्निहित मुन्दुममा माङको सांस्कृतिक साथै स्थापित मूल्य मान्यताहरूको व्यवहारिक वर्णन, वैज्ञानिक विश्लेषण र अर्थपूर्ण व्याख्या गरी उजागर गर्न जरुरी देखिएकोले यो विषयलाई अध्ययनको समस्याको रूपमा लिइएको छ।

सुप्तुलुङ (पितृचुला) भित्र अन्तर्निहित मुन्दुममा माङ सांस्कृतिक साथै मूल्य मान्यताहरूको व्यावहारिक वर्णन, वैज्ञानिक विश्लेषण र अर्थपूर्ण ब्याख्या गरी उजागर गर्नु नै यो अध्ययनको मुख्य उद्देश्य रहेको छ। किरात राई समुदायले सुप्तुलुङ (पितृचुला) भित्र अन्तर्निहित मुन्दुममा माङलाई कसरी हेर्दर्छन्/बुझ्दछन् ? यो नै अध्ययनको मुख्य प्रश्न रहेको

छ । यसै प्रश्नको सेरोफेरोमा रहेर खोज, अनुसन्धान र अध्ययन कार्य सम्पन्न गरिएको छ । किरात राई समुदायको सुप्तुलुङ (पितृचुला) मा अन्तर्निहित विशिष्ट मौलिक पहिचानको रूपमा जीवित अस्तित्वमा रहेको मुन्दुममा माङको अर्थ र महत्त्वलाई स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय जगतमा उजागर गरी स्थापित गर्नु नै यो अध्ययनको औचित्य रहने छ ।

## पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भनेको कुनै अनुसन्धानसँग विगतमा गरिएको अनुसन्धान वा खोजमूलक कार्यहरू, तिनीहरूका परिणामहरू, नियम वा सिद्धान्तहरू तथा नीतिगत विषयहरूको समालोचनात्मक अध्ययन हो । अनुसन्धानको विषयसम्बन्धी मुख्य समस्या, विगतको पृष्ठभूमि तथा छुटेका विषयहरू बारे जानकारी लिन पूर्वसाहित्य अध्ययन कार्य जरुरी हुन्छ (खड्का, २०७७, पृ. ६) । पूर्वसाहित्य समीक्षामा किरात राई समुदायको सुप्तुलुङ ( पितृचुला) भित्र अन्तर्निहित माङ सम्बन्धित साहित्यको अध्ययन गरी सांस्कृतिक मूल्यसँग सम्बन्धित बाँकी रहेका विचारहरूलाई उजागर गरिएको छ ।

युनेस्को (१९८९)को अनुसार लोकवार्ता (Folklore) मा मानव समुदायको परम्परागत सामाजिक र सांस्कृतिक पहिचानको मानक र मूल्यहरूको अभिव्यक्ति मौखिक, अनुकरण र व्यावहारिक रूपमा भाषा, साहित्य, सङ्गीत, नृत्य, खेल, मिथक, अनुष्ठान, चालचलन, हस्तकला, वास्तुकला र अन्य कलाहरूद्वारा प्रस्तुत गरिन्छ (बन्धु, २०७२) । किरात राई समुदायको परम्परागत सामाजिक र सांस्कृतिक पहिचानको मानक र मूल्यको रूपमा सुप्तुलुङ (पितृचुला) लाई पुर्खा र प्रकृतिको ठोस वस्तुगत प्रतीकको रूपमा स्थापना गरिएको देखिन्छ । पितृपुर्खा र प्रकृतिको प्रतिरूपलाई नै माङको रूपमा मुन्दुममा वर्णन गरिएको देखिन्छ । तसर्थ नेपालको आदिवासी किरात राई समुदायको सुप्तुलुङ (पितृचुला) मा अन्तर्निहित मुन्दुममा माङ संस्कृतिको मूल्य, मान्यता, विचारलाई खोज, अनुसन्धान गरी उजागर गर्नको लागि यो अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## मुन्दुममा माङ

बान्तावा भाषामा मुन्दुमलाई मान्छे (मीन) को बोली (दुम) का रूपमा अर्थ्याउने गरिएको छ । चाम्लिङ भाषामा चाहिँ ‘मनु’ को अर्थ रच्नु, उत्पन्न गर्नु जन्मनु हुन्छ (राई र अन्य, २००७ पृ. २००) भने ‘दुम’ को अर्थ हुन्छ ‘बोली’ । मुन्दुमको अर्थ ‘मिना’ (मान्छे) को दुम (बोली) नै मुन्दुम हो (पूर्वीय दर्शन, २०७८, पृ. ७४ बाट उद्धृत) । आदिमकाल देखि नै

नेपालमा बसोबास गर्दै आएका भुमिपुत्र किरातहरूमध्ये किरात राई जातिको भाषा, संस्कार संस्कृतिको जीवन्त रूप नै ‘मुन्दुम’ हो (प्रस्तावपत्र प्रस्ताव, २०६७) । तसर्थ मुन्दुम भन्नाले मानिसले जीवन र जगतको बारेमा गरिने अर्थात् मौखिक ज्ञानगुण, समाज, संस्कृति र सृष्टिको कुरा हो भन्ने बुझिन्छ जुन किरात राई जातिको पितृचुलामा अन्तर्निहित माङ संस्कृतिमा आधारित रहेको हुन्छ ।

चाम्लिङ (२०७३) अनुसार किराती मुन्दुममा प्रारम्भिक चरणमा माङ जसलाई कोकुमा पिरिमा, युमा आदि थुप्रै नामले चिनिन्छ, उनीहरूको प्रधानता पाइन्छ तर पछिल्लो चरणमा माङ्को सट्टामा पितृ (पुर्खा) हरू प्रधान हुन पुगेका छन्।

तीन चुला खालिङहरूको मुन्दुमको आधार हो । सम्पूर्ण खालिङहरूको जन्मदेखि मृत्युपश्चात्को अन्तिम संस्कारसम्म अनिवार्य चाहिने चिज हो मुन्दुम (राई, २०७५ पृ. १०) ।

मुन्दुम (दर्शन) किरात राई धर्मको मूल लयात्मक मौलिक/मौखिक मुन्दुम हो । यसमा किरात राई जीवनदर्शन, पृथ्वी, अन्तरिक्ष, हावापानी, पशुपक्षी, झोरजङ्ल तथा मानव उत्पत्तिका तर्कसङ्गत अवधारणाहरू उल्लेख गरिएका छन् (राई, २०६७) । सुप्तुलुङ (पितृचुला) लाई नै माङको प्रतीकको रूपमा किरात राई जातिले मुन्दुमको आधार मानी स्थापित गरिएको देखिन्छ। सुप्तुलुङ किरात राई जातिको पुर्खा (माङ) बस्ने पवित्र स्थान वा ठाउँको रूपमा लिइन्छ वा पुकारेको पाइन्छ (पुमा, सन् २०११, पृ.२६) । तसर्थ सृष्टिकर्ता, सर्वव्यापी, सर्वशक्तिमान, सर्वज्ञाता, अनन्त, अद्वितीय, महाशक्ति ‘माङ’ नै मुन्दुमको स्रोत तथा केन्द्रविन्दु रहेको देखिन्छ ।

## पितृपूजक राई

किरात बाहिङ तुम्लोमा चुलालाई पित्र (माङ) को बास गर्ने ठाउँको रूपमा वर्णन गरिएको छ (बाहिङ, २०७५, पृ.४२/४३) । किरात राई जातिले सुप्तुलुङ (चुला) लाई पितृ/पुर्खाको प्रतीकको रूपमा मान्दछन् (राई, २०६७, पृ. १८-१९) । किरात समुदायमा कूलपित्र भन्नाले नारी र पुरुष दुवैलाई बुझाउँदछ (राई, २०७५, पृ. ५५) । आफ्ना मृत पुर्खाहरूलाई ऐतिहासिक पितृत्व शक्ति मानी वार्षिक वा आवश्यकताअनुसार नुवागी/न्वाँगी र अन्य पूजाहरू गर्ने गरिन्छ (राई, २०६७, पृ. ६७-६९) ।

पितृ/पुर्खावादअनुसार पुर्खाहरूको जीवित आत्माको सेवा, पूजा, श्रद्धा गर्ने आत्मिक र सांस्कृतिक परम्परा हो । पुर्खाहरूको ज्ञान, सिप, विवेक, विचार, दृटिकोण साथै उनीहरूको

इतिहास, संस्कृति, सभ्यतासँग जीवित जोडिएर विभिन्न प्रकारले प्रार्थना, फूलगुच्छा, फलफूल, अनेकौँ खाद्य परिकार चढाउँदै पूजापाठ गरेर उहाँहरूको शुभआशीर्वाद लिने आदिवासी एसियन साथै अफ्रिकन संस्कृतिको रूप नै पितृ/पुर्खावाद भन्ने बुझिन्छ। जीवआत्मावादले सबै प्राकृतिक वस्तुहरू साथै ब्रह्माण्ड स्वयम्मा जीवन वा आत्मा रहेको विश्वास गर्दछन्। चुलालाई पितृ (माङ)को बास गर्ने ठाउँ, पुर्खाहरूको जीवित आत्मा, सृष्टिकर्ताको रूपमा पूजा, श्रद्धा गर्ने आत्मिक र सांस्कृतिक परम्परा किरात राई जातिको मुन्दुममा वर्णन गरिएको पाइन्छ[1]।

## प्रकृति पूजक राई

जेरुङ चुलापूजाअनुसार पाँच विधिले ब्रह्माण्डको पञ्चतत्त्वभित्र रहेका सम्पूर्ण ग्रह, नक्षत्र, प्राणीजगत् र प्राकृतिक शक्तिहरूलाई सम्मान गरी सारी रिरीफुरी (सेवापुजा) बुझाउने मुक्दुमी विधि रहेको पाइन्छ। जेरुङ (२०७५) का अनुसार स्पेस र समयसँग अस्तित्वमा रहेका सम्पूर्ण देखिने भौतिक वस्तु वा पदार्थ र अदृश्य सूचना, विचार, मूल्य, तर्क, गणित, बौद्धिकता, तरङ्ग, चेतना (आत्मा, मन, जीव) साथै अन्य विकसित वातावरणीय विज्ञानसम्मत अनुभवजन्य तत्त्वहरूलाई मात्र प्रकृतिवादीहरूले विश्वास गरेको देखिन्छ।

प्राकृतिक वस्तुहरू र वातावरणमा रहेका अदृश्य शक्तिहरू तरङ्ग, आत्मा, चेतना ( प्रकृति) जसलाई किरात राईजातिले माङ भनेर मानी पूजी सम्बोधन गरिनु नै प्रकृतिवाद भन्ने बुझिन्छ। आकाश, सूर्य, धर्ती, सिमेभूमे, नदीनाला, नाग, आगो, भिरलाई पूजा गर्ने गरिन्छ। मानव र चराचर जगत्लाई पाल्ने प्रकृतिलाई सर्वशक्तिमान मानी वार्षिक रूपमा नयाँ अन्नबाली पाक्दा उँधौली र वर्षा लागेपछि नयाँ बाली छरपाउ गर्दा उँभौली भनी प्रकृतिको पूजा गर्ने गरिन्छ। राई (२०६७) अनुसार आफ्ना मृत पुर्खाहरूलाई ऐतिहासिक पितृत्व शक्ति मानी वार्षिक वा आवश्यकअनुसार नुवागी/न्वाँगी र अन्य पूजाहरू गर्ने गरिन्छ।

क्याम्ब्रिज डिक्सनरी (2005) र स्टेभेन स्यार्फस्यानका अनुसार प्रकृति भन्नाले जीवजन्तु, मानिस, बनस्पति, पृथ्वी, नदी नाला, हिमाल, पहाड, आकश, तारामण्डल, सम्पूर्ण प्रकृतिबाट उत्पन्न देखिने वस्तुगत वस्तुहरू, अर्ध देखिने र अदृश्य नदेखिने स्पेस र समय,

[1] Animism.https://www.nepalidictionary.app›word› animism, retrieved on (19-09-2025).

सूचना, मूल्य, विचार, गणित, बुद्धिमत्ता, तथा अनुभवजन्य वातावरणीय वस्तुगत साथै चराचर जगत भन्ने बुझिन्छ। मेवाहाङ राईहरूको मुख्य धार्मिक मुख्य मूल दर्शन नै प्रकृतिवाद र पितृवाद हो । राई (सन् २०७५) ले मुद्दुमको आधारमा मेवाहाङ राईहरूको जीवनपद्धति, सामाजिक, सांस्कृतिक जीवन व्यवहार सञ्चालन, व्याख्या र निर्देशित गरेको छ ।

किरात राई जातिको मुन्दुमअनुसार प्रकृतिमा रहेको प्राकृतिक वस्तु र वाातावरण, जीव, जन्तु, नाग, खोला, नदी, हिमाल, हावा, आकास, रुख, पितृ आत्मालाई पूजा र सम्मान गर्नु नै सुप्तुलुङमा अन्तर्निहित माङलाई मान्नु हो । विशेष उँधौली र उँभौली साथै विभिन्न समय र अवसरमा सुप्तुलुङमाथि आस्था, विशवास र भरोसा राख्दै मुन्दुमअनुसार जन्मदेखि मृत्युपर्यन्तको संस्कार संस्कृतिमा माङहरूको सेवा, पूजा, वन्दना, आराधना गरिनु भनेको नै प्रकृति सम्बन्धित भएकोले किरात राईहरू प्रकृतिवादी हुन् भन्ने कुरामा कुनै दुई मत देखिँदैन ।

पुर्खावाद संस्कृति भनेको प्रकृतिसँग नजिक रहने र प्रकृति प्रतिको अन्तिम सत्यको सेवा नै माङ रहेको देखिन्छ । पितापुर्खा, जीवआत्मा, प्रकृतिलाई प्राचीन प्रागैतिहासिक कालदेखि आजपर्यन्त पूजा आजा, आराधाना, आदर सम्मान गर्ने माङ संस्कृति र परम्परा रहेको प्रस्ट बुझिन्छ । तसर्थ सुप्तुलुङ (चुला) लाई पितृ/पुर्खा, प्रकृति, जीव वा माङको प्रतीकको रूप हो भन्ने बुझिन्छ जुन मुन्दुमको प्राण वा स्रोत मानिन्छ ।

## अध्ययन विधि

राई जातिको चुलामा अन्तर्निहित माङ (पुर्खा र प्रकृति) को सांस्कृतिक मूल्यको अध्ययन विषयगत प्रकृतिको भएकोले गुणात्मक विधि (Qualitative Approach) प्रयोग गर्दै सामाजिक सन्दर्भमा व्याख्यात्मक सैद्धान्तिक दृष्टिकोणको उपयोग गरी विश्लेषण, व्याख्या, अर्थपान, प्रस्तुति गरिनुका साथै निष्कर्ष निकालिएको छ । माङ सम्बन्धित व्यक्तिहरूसँगको व्यक्तिगत कुराकानी, अन्तर्वार्ता तथा पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, लेख, रचना आदि अधययनको स्रोतको रूपमा उपयोग गरिएका छन् । अध्ययनमा मेरो आफ्नो रुचि, विगत अनुभव र अध्ययन कार्य पनि अनुसन्धान कार्यका लागि स्रोत आधारहरू रहेका छन् । परिचय, पूर्वसाहित्य समीक्षा, अनुसन्धान पद्धति, प्राप्त तथ्याङ्क/नतिजा विश्लेषण, प्रस्तुति, निष्कर्ष साथै सुझावहरू अनुसन्धान संरचनामा रहेको छ ।

## नतिजा र छलफल

यहाँका विभिन्न भूगोल र भूमिमा बसोबास गर्ने विभिन्न आदिवासी जनजातिहरू साथै जातजातिको आफ्नै लोकसंस्कृति र लोकपरम्परा छ । यसैभित्र सबै जातजाति या सम्प्रदायका मानिसहरूको आफ्नो छुट्टै मौलिक पहिचान छ (प्रज्ञा लोकवार्ता विवेचना, २०७५, प्रकाशकीय) । तिनै आदिवासी जनजातिहरूमध्ये किरात राई जाति पनि आफ्नो छुट्टै मौलिक सांस्कृतिक पहिचानसहित आदिकालदेखि नेपालमा बसोवास गरिरहेको पाइन्छ । उनीहरूको सांस्कृतिक मूल्य र महत्त्व बोकेको मुख्य स्थान सुप्तुलुङ (पितृचुला) लाई नै अन्तिम सत्य माङ र मुन्दुमको स्रोत मानिन्छ ।

मेवाहाङ राईमा सुप्तुलुङ (चुला) सँगको सम्बन्ध व्यावहारिक रूपमा मात्रै होइन, मनोसांस्कृतिक र भावनात्मक रूपमा रहिआएको छ । पापा, मामा (बाबु, आमा) को शेषपछि छोराहरू जब मूलघरबाट छुट्टिन्छन्, त्यसपछि नयाँ घर निर्माण गर्दा सुप्तुलुङ (खामाङ/पित्र) अनिवार्य रूपमा राख्नै पर्छ (राई, २०७५) । जेरुङ (२०७५) अनुसार ब्रह्माण्डका सम्पूर्ण ग्रह, नक्षत्र, प्राणी जगत् र प्रकृतिक शक्तिहरू, भाइबन्धु दाहिनो भएर बस्ने पुर्खाहरू, समाजमा रहेका सम्पूर्ण इष्टमित्र, मान्यजनहरू, परापूर्वकालका पुर्खाहरू चेली खलक, आमा, बजु र तीन चुलाबिचको आगो, वायु शक्तिहरूलाई मानिने पूजिने भएकाले चुलामा अन्तर्निहित माङ ( कुलपितृ) को महत्त्व रहेको देखिन्छ ।

### साम्खामाङ (कुलपितृ)

सुप्तुलुङ (चुला) र साम्खामाङको अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । सुप्तुलुङ ( चुला) लाई पितृहरूको प्रतीकको रूपमा राखी मानेको देखिन्छ । चुलालाई किरात राई जातिले साम्खा (कुलपितृ) भन्दछन् (राई, २०६७, पृ. १८-१९) । राई (२०७५) का अनुसार मुन्दुममा नयाँ घर बनाएर आफ्नो पितापुर्खाको प्रतीकको रूपमा सुप्तुलुङ स्थापना गरिएका ढुङ्गाहरूको वर्णन गर्दै पितृ प्रकृतिबाट आशीर्वाद माग्ने गरिन्छ ।

पितृ (माङ) लाई वर्षमा दुई पटक उँभौली-उँधौलीमा पुज्ने प्रचलन रहे तापनि अन्य विभिन्न समयमा पनि ठुङ्मालुङ (माङचुला) को सेउ (सेवा) गर्ने गरिन्छ । सुप्तुलुङ किरात राई जातिको पूर्खा/पित्र बस्ने पवित्र स्थान वा ठाउँको रूपमा लिइन्छ । तसर्थ किरात राई जातिहरूले तीन चुलालाई पुर्खा (पित्र/साम्खा/माङ) वा प्रकृतिको रूपमा विषेश उँभौली र उँधौली पर्वमा सेवापूजा गर्दछन ।

सम्पूर्ण कर्मकाण्ड यसै ठुङ्मालुङलाई साक्षी राखेर, देखाएर, सोधनी गरेर मात्र सम्पन्न गर्नुपर्ने भएकाले कुनै पनि बखत माङचुला (ठुङ्मालुङ) को सेउ हुन सक्दछ (दुङ्माली, २०७५ पृ. ५०) । पुमा (२०७२) अनुसार मुन्दुममा माङ (बुढाहोङ पुर्खा/पारुहाङ) लाई सृष्टिको प्रतीक पित्रीचुला साम्खामाङको रूपमा राखेको देखिन्छ । राई (२०७४) अनुसार सिकारीयुग (थाम्पुङ) पार गर्दै आएका अग्रजहरू (साम्खा माङ) ले कृषि युगमा शक्तिको स्रोत काँध (वाक्टाङछुमाङ) स्थापना साथै धान खेती (चालीम माङ) र कोदो खेती (चारी माङ) गर्दै हेचाकुप्पाको समयदेखि माङलोक्मा (पितृपूजा) साथै साक्खेवा सेवापूजा हुँदै आएका सङ्केत गरिएको पाइन्छ ।

विभिन्न समयमा माङ र माङखिमसम्बधी ज्ञान भएका अध्येता, लेखक, स्रोत व्यक्तिहरूसँग अध्ययनलाई थप पुष्टिका लागि गरिएको अन्तर्वार्ता तथा अन्तक्रियाबाट प्राप्त भएका सान्दर्भिक भनाइहरू यहाँ प्रस्तुत गरिएको छ । साम्खाको अर्थ साम भन्नाले सृष्टिकर्ता पित्र र खा को अर्थ हेर्नु । साम्खा भन्नाले दिवङ्गत पितापुर्खाहरूलाई वा उनीहरूको आत्मालाई अगेनाको आगोको ज्वालामा हेर्नु भन्ने बुझिन्छ । पितृ सेवा गर्दा माङ्पा ( धामी/विजुवा) हरूले पितृहरूलाई अगेनाको आगोको ज्वालामा हेर्ने, देख्ने वा बोलाउने गर्दछन् (मुकारुङ, २०६९) ।

माङ भन्नाले पित्र, मा (आमा) ङ जोएिर माङ शब्द निर्माण भएको, मातृसत्ता भन्ने बुझिन्छ (राई, २०८२) । माङको अर्थ कुलपितृ हो । साम्खामाङ भनेको अगेनाको पित्र, शक्ति, तातो वाफ (राई, २०८२) । मुन्दुमअनुसार प्रकृति प्रदत्त वस्तुहरू, सूर्य ताप, उज्यालो, शक्ति दिने, मानी आएको, मर्यादा राखिएको, पूजा र अनुस्ठान गरिने सावायत्माङ (शक्ति) नै माङ हो (राई, २०८२) । माड माने मा (आमा), ङ (विशिष्ट) अर्थ आमाभन्दा माथि, विशिष्ट सृष्टिकर्ता आदि पहिलो आमा हो (मुकारुङ, २०७९) ।

वान्तावा शब्दकोश (२०८०) अनुसार माङ (पुर्खा/प्रकृति), माङखिम (पितृघर), माङमुमा (कुलपूजा गर्नु), माङचोङमा (प्राकृतिक पूजा), माङछेम्बा (परमपितृ), माङदुम पितृहरूसँगको संवादजस्ता शब्द तथा शब्दावली प्रयोगले माङको अर्थ कुलपितृ भन्ने बुझिन्छ । राई जातिले सुप्तुलुङलाई पितृ र प्रकृतिको भौतिक प्रतीकको रूपमा माङ्खिम (पितृघर) घरैमा स्थापना गरी माङ्लाई माङमुमा (कुलपूजा) गरिन्छ । तसर्थः माङको भौतिक प्रतिविम्बात्मक रूपमा सुप्तुलुङ (पितृचुला) रहेको देखिन्छ ।

किरात राई मुन्दुममा सुप्तुलुङ (सृष्टिको प्रतीक तीन पितृचुलाहरू) पहिलो बुढाहोङ (सृष्टि पुर्खा/पारूमाङ), दोस्रो सुम्दिमाङ (सुम्दिमा) र तेस्रो साबामाङ (सन्तान) चुलाहरू मानव समाजको प्रतीकको रूपमा स्थापना गरी राखेको देखिन्छ। त्यस्तै पहिलो निनाम्मामाङ (आकाश), दोस्रो हेन्खामामाङ (धर्ती) र तेस्रो बुलुहोन/रमारङमाङ चुलाहरू (चराचर जगत) प्रकृतिको प्रतीकको रूपमा रहेको देखिन्छ। साम्खामाङ (कुलपितृ) भन्नाले जीवन र चराचर जगत्मा अन्तर्निहित आत्मा, चेतना, मन, चैतन्य, विचार, दृष्टिकोण साथै प्राकृतिक वस्तुहरू रहेको देखिन्छ। तसर्थः सुप्तुलुङ (पितृचुला) वा साम्खामाङ वस्तु र चेतनाको प्रतीक अर्थात् जीवन र जगतको सृष्टिकर्ताको प्रतिविम्बको रूपमा रहेको देखिन्छ।

**राई जातिका माङहरू (कुलपितृहरू)**

अध्ययनमा प्राप्त किरात राई समदायका बिच पुजिएका पूजनीय तिनै माङहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ जो आफैँमा सचेतनाका लागि अर्थपूर्ण तथा पर्याप्त जानकारीमूलक रहेको देखिन्छ।

सुम्दिमामाङ, दिमामाङ, बुढीमाङ (बजुपितृ), शाकुदिमामाङ (महाजिजुबजु), छेकुमाङ (छोरीचेली), पारुमाङ, दिवामाङ (बाजेपितृ), साकुदिवामाङ (महाजिजु पित्री), सात्नाचिन्माङ (सर्प पुर्खा), साक्खेवामाङ (नाग/भूमि), चासुममाङ (अन्न), वेलेचीमाङ (किसानी पुर्खा), छेम्वीमाङ, (रुपयाँ पैसा), खावामाङ (धनसम्पत्तिको पितृ), अक्फुङ्वामाङ (आठानी/युवति पितृ), थाम्पुङमाङ/थाम्पुङदिवुङमाङ (सिकरीपितृ), तेमयुओलेवामाङ/तेम्मायुवोमाङ (मैदानिपितृ), तावाङ्माङ (पच्छयाएर आएको पितृ), तात्छामाङ, हेन्खामामाङ (धर्ती) खोक्लिमाङ (जङ्गलमङ्गलको अधिपति), निनाम्मामाङ, (आकाश), रूमुहाङमाङ (घाम), लादिप्मामाङ (जून), गुलुमाङ (बतास), कुहयुक्मामाङ (हावा), मिमाङ (आगो), सेलेमिमाङ (दियो) चावामाङ (पानि), ताम्राङ/रिब्दिमाङ (पोखरी) सोहनमाङ (धारा/खोला) होङ्कुवामाङ (खोला), दिमामाङ (नदि) दिमादीदिमाङ (महानदि), वासिप्खामाङ/वामाखामाङ (समुन्द्र), साकावामाङ (सागर), धिसाकावामाङ (महासागर), तायामाङ (ज्ञान/शिक्षाको पितृ), साबामाङ (सन्तान), रूमि पामी/पाङमीमाङ (भद्रभलाद्मी), साप्तेन मेलुङमाङ (गाउसमाज), रुङरीमाङ (आत्मा), सायामाङ (शिर), माङछामी खिरिमीमाङ (कुलपितृ/पुर्खाहरू) (इशारा, २०५५), छिटोङ र ढिटोङमाङ (दुङ्माली) खामाङ (पित्री), साम्माङ-रिम्माङ, (याम्फू कुलपितृ पूजा) (किरात र सुप्तुलुङ, २०७५)।

राई (२०६६) का अनुसार विदेश गएको आफन्त चाँडो फर्केर आओस् भनेर पोसाक ( लावासेन्माङ) को पनि माङमुमा (सेवापूजा) गरिन्छ । घरको पितृलाई (खिममाङ), रुपियाँ पैसा प्राप्त भएपछि त्यसलाई पनि भोग दिइ हदात्मा गरेर (छन्न्मिमाड) को अनुष्ठान गरिन्छ । अनेक प्रकारको सुनचाँदी, तामा काँसा (छेन्लुङछङमामाङ), भाग्य लेख्ने विधाता (रङरिदुमी छाप्दुनिमामाङ), श्रृष्टिकर्ता (पुक्चिपोकमामाङ), बिजुली मेघ (खेङघुलुङमाङ), वास्तुलाई ( पाराङमाङ) भनिन्छ ।

अन्य माङहरूमा बाकटाङछुमाड (शक्तिको स्रोत काँध), बुढीखोकमामाङ (बुढीबजु), सिकिमाङ (सिपको पुर्खा), तायारिप्चिमाङ/टायाछुमाङ (ज्ञान/विवेकको पित्री), तावामाङ/टाङ्कुमाङ (आमालाई माइतिबाट पच्छ्याएर आएको पितृ), चोक्मिमाङ (श्रेष्ठ/राम्रो पितृ), बेलेयिमाङ (कमलको फूलको पुर्खा), लेलेछिमाङ (जल्दोबल्दो पितृ), चुङकुटाङमाङ, सुङकाटाङमाङ (बुढीमाङ), माछाकुप्मामाङ (बुढीबजु), दिबुहाङमाङ (सिकारीपितृ), खोकदारीहाङमाङ (मृतपुर्खा), याम्पेनचुङहाङमाङ (शरीर रक्षा गर्ने पितृ), दाम्दुमिहाङमाङ/दामदुमिहाङमाङ (दाम/मान लिने, भोजभतेर खाने पित्री), रोकोकमाङ (बलियो गरि बाध्ने पित्री), तामारोकुक्नी लावाङमाङ (वलियो बाध्ने, रक्षागर्ने पित्री), साब्दामाङ/साप्पामाङ (भोटेपित्री), थाम्पुङमाङ (वन पितृ), सागरीहोक्मामाङ (ढोका), सुप्तुलुङमाङ (कुलपित्री), नेवारीमाङ, हाद्दिरोङमाङ (पृ.४९२) आदिको पूजा अनुष्ठान । यी इष्ट कुलपिततृहरू कुनैलाई भोग दिएर कुनैलाई भोग नदिई माङमुमा गरिन्छ । साधुपन्थीहरूले साम्नु (धूप), छेमकुम (बत्ती), बुङ्ङा (फूल), ताम्सी (सुपारी), रम्फोक (नरिवल), ङाफोक ( पंचामृत), फोङवा (अपुंगो), ङाकसिङापने (केरा), बुकपेन (नैवेद), याङसिफोङ (भेटी) आदिले पूजा अनुष्ठान गर्दछन् ।

ग्रहहरूमा चन्द्रमा (लादिपमामाङ), मङ्गलग्रह (खाङलोङमाङ), बुधग्रह (ओलोङमाङ), बृहस्पति (सामलोङमाङ), शुक्र (चङलिङमाङ), शनि (पेन्छोङमाङ), राहुग्रह (डोचाकोङमाङ), केतु (कुड्पोलुङमाङ) (नुइलक्किकेल) र आकाश पाताल (पारूछुलेनभेन) (पृ. ३५६) । खाम्बोक्दिमामाङ (जगतमाता), लेसायाङमाङ (सर्वज्ञाता), पुक्चिपोक्मामाङ (सृष्टिकर्ता), ओमयाङहाङमाङ ( परमात्मा), सागरीहोक्मामाङ (ढोका), सुप्तुलुङमाङ (कुलपितृ) (राई, २०६६) ।

न्हिनाहम्माङ (परमात्मा/सृटिकर्ता), वाहिनाहीमाङ (नादविन्दु), खाइखोमाङ (सृष्टिकर्ता पितृ) नायुमामाङ (सृष्टिकी बजु), केमाङ ईमाङ (साँझको पितृ), पोकमाङ (एक्ले महिला पितृ),

ओप्मामाङ (प्रकाश, मन उज्यालो पार्ने पितृ/परमात्मा), स्वमाङ (आफैँ उत्पन्न सृष्टिकर्ता), केमाङ (स्वमालिक), शेल्नेन्माङ (धपधपिबल्ने उज्यालो), नाममाङ (घाम), तिएन्माङ (सूर्य), मिमाङ (आगो), छुमिमाङ (आगो, तातो), फएन्माङ (चन्द्र), लामाङ (जुन), खेमुसाङगेनमाङ (अकाशतारा), हंमुहंमाङ/हंमुहुंमाङ (तातो रातो रगत), खाम्लिखामाङ (प्रकृति), खाम्माङ (भूमि/माटो), वामाङ (पानि), वाछेन्कुरङमाङ (जलशक्ति), वाताप्सुमाङ (पोखरी), नागायुमामाङ (नागबजु), शाक्माङ (वायु), कुहुकमामाङ (बतास), याउयां/याउवारीमाङ (बादल), ओप्मिमाङ, नाम्ओपमाङ, लाओपमाङ, मिओपमाङ, ओपलेन ओपमाङ (वत्ती ज्योति, सूर्यज्योति, चन्द्रज्योति, अग्नि प्रकाश, दिन प्रकाश ज्योति), मिन्लेन ओप स्वलेन ओपमामाङ (मन्त्र प्रकाश, ध्यान प्रकाश), साम्वोमाङ, एईङमाङ, हांलेलेमाङ, माङमामाङ (इशारा राई, २०५५) ।

**साक्खेवा सम्बन्धित माङहरू**

राई (२०७४) का अनुसार साख्खेवाको अवसरमा विभिन्न साक्खेवा सम्बन्धित माङहरू (पितृ आत्मा) को सेवा, पूजा, आराधाना निम्न अनुसार गरिएको देखिन्छ :

**क. सुम्कामाङ (तीन माङहरू)**

१. साम्खामाङ (साम्खा (अगेना) माङ (पितृआत्मा) २. थाम्पुङमाङ (सिकारी पित्री/पुर्खा) ३. हेलावामाङ (बाँदर पुर्खा) ।

**ख. फेक्वामाङ (चार माङहरू)**

१. साम्खामाङ (चुलामा रहेका पितृआत्मा) २. चालीममाङ
चा=धान+लीम=बेर्ना/धानखेती)

३. चारीमाङ (कोदो बिरुवा/खेती) ४. हेलावामाङ (बाँदर पितृ) ।

**ग. साक्खेवा रेत्का (८) प्रमुख माङहरू**

१. वातूपमाङ (जलाम्य पानी) प्राणी लगायत मानवजातिहरूको उद्भव र विकास हुनुपूर्वको अवस्था ।

२. हेलावामाङ (बाँदर पितृ) मानव विकासका प्रारम्भिक रूपको अर्थमा ।

३. बुढीमाङ (मातृसत्तात्मक व्यवस्था) जलाम्य अवस्थाबाट क्रमशः सम्पूर्ण प्राणी र मानव जातिहरूको पनि उद्भव र विकास हुँदै जाँदा ।

४. थाम्पुङमाङ (सिकारी पितृ/पूर्खा) मानव विकास र सभ्यताको क्रममा सिकारी युग ।

५. साम्खामाङ (अगेना) (अग्रजहरू) पितृ आत्माहरूको स्थापना र पूजन ।

६. वाक्टाङछुमाङ (कुम/शक्तिको स्रोत) श्रम सौन्दर्य/सभ्यता प्रतिको आस्थाको रूपमा ।
७. ताम्पुछुमाङ  (नागपितृ) अन्नका बिउ, बेर्ना र उत्पादनको आधारहरूमध्ये पानी, अन्नको भकारीपुजा (माङलोक्मा) ।
८. सिलीमाङ (नाचको पितृ) अतिरिक्त मनोरञ्जन (सिलीमाङ) ।

**घ. रेत्का (८) माङहरूले दिइएको सन्देशहरू**

राई, (२०७४) अनुसार रेत्का (८) माङअन्तर्गत पर्ने पितृहरूको स्थापना र पूजनकार्यले किरात सभ्यताको सुन्दर एवम् क्रमबद्ध इतिहासलाई उजागर गरिएको देखिन्छ । जलाम्य पानीबाट प्राणी लगायत मानव जातिहरूको पनि उद्भव र विकास हुँदै जाँदा किरात मातृसत्तात्मक (बुढीमाङ) व्यवस्था सिर्जना, मानव विकास र सभ्यताको क्रममा सिकारी युग ( थाम्पुङ) पार गर्दै आएका अग्रजहरू (साम्खामाङ)ले कृषि युगमा धान खेती (चालीम माङ) र कोदो खेती (चारी माङ) गर्दै कृषि युगमा श्रम शक्ति (वाक्टाङछुमाङ) लाई महत्व दिइएको, नागपितृ (ताम्पुछुमाङ) को पूजा गर्नु साथै मनोरञ्जन (सिलीमाङ) जस्ता कार्यहरूले साक्खेवा संस्कृति र किरात सभ्यताको विकासलाई पुष्टयाइँ गरेका देखिन्छ ।

किरात राई समुदायले विशेष उधौली र उभौली साथै विभिन्न समय र अवसरमा पितृ र प्रकृतिको प्रतकि सुप्तुलुङ (पितृचुला) मा सेवापूजा गरिनु भनेकै माङहरूको सेवा, पूजा, वन्दना आराधना, गरिनु नै हो भन्ने बुझिन्छ  । रिदुम मुन्दुम् (२०५६) का अनुसार उभौली उधौलीमा पूज्नुपर्ने माङहरू (कुलपितृहरू) निम्नअनुसार प्रस्तुत गरिएको छ :

**ङ. उँभौलीमा घरभित्र पुज्नुपर्ने माङहरू (कुलपितृहरू)**

१. साकुमाङ् (परमात्मा कुलपितृ) २. बेलेचीमाङ ३. साया चोङ्माओ (शिर उठाउने) ४. साम्खा (पितृ) ५. पितृमा समावेस नभएकाहरू पितृहरू ६. माङ्छेम्दा (कुलपितृ) ७. बेलेचिमाङ् (किसानी पितृ) ८. सात्नान्चिन्माङ्  (साप पितृ) (रिदुम् मुन्दुम् २०५६, पृ.७०-८१) ।

**च. उँभौलीमा घरबाहिर पुज्नुपने माङहरू (पितृहरू)**

१. दिमामाङ् (जिमापितृ) २. अक्फुङ्वा ३. खोक्लिमाङ् (वनपितृ) ४. थाम्पुङ्गाङ् ( शिकारी पितृ) ५. तेम्मायुओमाङ् (मैदानी पितृ) (रिदुम् मुन्दुम् २०५६, पृ. ८३-९२) ।

**छ. उँधौलीमा घर भित्र पुज्नुपर्ने माङहरू (कुलपितृहरू)**

१. साकुमाङ (परमकुलपितृ) २. बेलेचीमाङ ३. साया चोङ्माओ (शिर उठाउने) ४. माङ्छेम्दा (कुलपितृ) ५. बेलेचिमाङ्  ६. सात्नान्चिन्माङ् (साप पितृ) (रिदुम् मुन्दुम् २०५६, पृ. १९-३८) ।

उधौलीमा पुज्नुपर्ने माङहरू १. साम्खा २. आप्तुरुतुमुरू (धनुकाँडपुजा) ३. छुमासुङ् ( मूल खाँबो) तोकुमादा कोङ्थोक्ली ४. काताराबान/यामाबान् (फलामका सामान/चलाउने ( काट्ने, खन्ने, जोत्ने सामानहरू) ५. हाराचि (मरेका राँगा-गोरु) ६. सिच्चिवा माइवा ( चराचुरुङ्गी, कीराफट्याङ्ग्रा) ७. सःलावा दोन्दिन्वा (हल्लावा-मामाङ्) पितृमा समावेस नभएकाहरूको पूजा (रिदुम् मुन्दुम् २०५६, पृ. १-१६) मा उल्लेख गरिएका छन् । धनुकाँड पूजा किरात राईहरूले आफूलाई सुरो सिकारी पनि मान्ने गर्दछन् । त्यसैले आदिम युगमा सिकार गर्दा प्रयोग भएको पुर्ख्यौली हतियार धनुकाँडलाई पनि पुज्ने गरिन्छ । किरात राईहरू चुला पुजा गर्दा घरलाई थामिरहने शक्तिको रूपमा मुल खाँबोको पनि पूजा गर्दछन् । हतियार पूजाका दिन सजाएर पूजा गरिन्छ (किरात र सुप्तुलुङ, २०७५) ।

**ज. उँधौलीमा घर बाहिर पुज्नुपर्ने माङहरू (पितृहरू)**

१. दिमामाङ्/होङ्कुमाङ (महम्माई/जिमापितृ) २. अक्फूङ्वा (आठानी) ३. खोक्लिमाङ् ( वनपितृ) ४. थाम्पुमाङ्/थाम्पुङ् दिबुङ् (शिकारीपितृ) ५. तेम्मायुवोमाङ् (मैदानी) (रिदुम् मुन्दुम्, २०५६, पृ. ४४-६३) ।

**माङ विभिन्न रूपमा**

**क. माङ श्रृष्टिकर्ताको रूपमा**

न्हिनाहम्माङ (परमात्मा/सृटिकर्ता), पुक्चिपोकमामाङ (श्रृष्टिकर्ता), वातूपमाङ ( सृष्टिकता जलाम्य पानी), रुमुहाङमाङ (सृष्टिकर्ता पहिलोबाजे), पारुसुम्दिमाङ (सृष्टिकर्ता बाजेबजु), नायुमामाङ, लेसायाङमाङ (सर्वज्ञाता), ओमयाङहाङमाङ (सृटिकर्ता परमात्मा), खाइखोमाङ (सृष्टिकर्ता), केमाङ (स्वमालिक), स्वमाङ (आफै उत्पन्न सृष्टिकर्ता)  ।

**ख. माङ मानव जातिको रूपमा**

साम्खामाङ (पुर्खा/पितृ आत्मा), सुम्निमाङ/बुढीमाङ (बजु पितृ), दिमामाङ (बजुपित्री) शाकुदिमामाङ् (महाबजुपितृ), छेकुमाङ (छोरीचेली), पारुमाङ, दिवामाङ, साकुदिवामाङ, सुप्तुलुङमाङ (कुलपितृ), तायामामाङ, खियामामाङ, सावामाङ (सन्तान), रूमिपामी/पाङमीमाङ,

(भद्रभलाद्मी), साप्तेनमेलुङमाङ (गाउसमाज), ङरीमाङ (आत्मा), सायामाङ (शिर), माङछामी खिरिमीमाङ (कुलपित्रीहरू), थाम्पुङ/थाम्पुङदिवुङमाङ (सिकरी पितृ), वाक्टाङछुमाङ (शक्तिको स्रोत/कुम), सिलीमाङ (नाचको पुर्खा), खिममाङ, टांकुमाङ, नेवारीमाङ, हाद्दिरोङमाङ, सिकिमाङ, टावाछमाङ, चोक्मिमाङ, बेलेयिमाङ, लेलेछिमाङ, रिप्सिमाङ, टायाछमाङ, चङकुटाङमाङ, माछाकुप्मामाङ, दिबुहाङमाङ, खोकदारीहाङमाङ, याम्पेनचुङहाङमाङ, दाम्दुमिहाङमाङ, रोकोकमाङ, साब्दामाङ, थाम्पुङमाङ, बेलेचीमाङ आदि । केमाङईमाङ (साँझको पितृ), पोकमाङ (एक्ले महिलापितृ), हल्लावामामाङ, माङ्छेम्द, अक्फुङ्गवा ।

**ग. माङ प्रकृतिको रूपमा**

वातूपमाङ (जलाम्य पानी), ताम्पुछुमाङ (नाग), तेमयुओलेवामाङ/तेम्मायुवोमाङ, तात्छामाङ/तावाङ्माङ, हेन्खामामाङ (धर्ती) खोक्लिमाङ (जङ्गलको अधिपति), नीनाम्मामाङ, (आकाश), नाममाङ (घाम), लादिप्मामाङ/लामाङ (जुन), गुलुमाङ (बतास), कुहकमामाङ (हावा), शाक्माङ (वायु), याउयां/याउवारीमाङ (बादल), खाम्माङ (भूमि/माटो), खाम्लिखामाङ (प्रकृति), मिमाङ, (आगो), चावामाङ/वामाङ (पानी), ताम्राङ/रिब्दिमाङ (पोखरी) सोहनमाङ (धारा/खोला) होङ्कुवामाङ, (खोला), दिमामाङ, (नदी) दिमादीदिमाङ (महानदि), वासिप्खामाङ/वामाखामाङ (समुन्द्र), साकावामाङ (सागर), धिसाकावामाङ (महासागर) । वाहिनाहीमाङ (नादविन्दु), शेल्नेन्माङ (धपधपिबल्ने/उज्यालो), तिएन्माङ (सूर्य), फएन्माङ (चन्द्रमा), छुमिमाङ (अग्नि, आगो, तातो), हंमुहंमाङ (रातो रगत), खेमुसाङगेनमाङ (अकाशतारा), पुङबुसुमाङ । आकाश पाताल (पारूछुलेनभेन), खाम्बोक्दिमामाङ (जगतमाता), बिजुली मेघ (खेङघुलुङमाङ) ।

**घ. माङ ग्रहहरूको रूपमा**

चन्द्रमा (लादिपमामाङ), मंगल (खाङलोङमाङ), बुध (ओलोङमाङ), बृहस्पति (सामलोङमाङ), शुक्र (चङलिङमाङ), शनि (पेन्छोङमाङ), राहु (डोचाकोङमाङ), केतु (कुड्पोलुङमाङ) ग्रहहरू (नुइलकिकेल) भनिन्छ ।

**ङ. माङ जीवजन्तुको रूपमा**

हादिमा हाराचि (राँगा-गोरुलाई पूजा), सिच्चिवा माइवा (चराचुरुङ्गी, कीराफट्याङ्ग्रा पूजा), हेलावामाङ (बाँदर पित्री), ताम्पुछुमाङ (नागपित्री) ।

**च. माङ अन्न, पैसाको रूपमा**

चासुममाङ (अन्नको सहपितृ), चालीममाङ (धान), चारीमाङ (कोदो), माङलोक्मा (अन्नको भकारी पूजा), छेम्वीमाङ/छन्नमिमाड (रूपयाँ पैसा), खावामाङ (धनसम्पत्तिको पितृ), छेन्लुङछङमामाङ (सुनचाँदी, तामा, काँसा)।

**छ. माङ वस्तुको रूपमा**

पाराङमाङ/छुमासुमाङ (मुलखाँबो), सागरीहोक्मामाङ (ढोका), सेलेमिमाङ (दियो), लावासेन्माङ (पोशाक), आप्तुरू तुमुरूङमाङ (धनुकाँड), कातारावानमाङ (फलामका सामानहरू)।

**ज. माङ (पितृ) दृश्य र अदृश्य रूपमा**

घर (माङखिम)मा पितृपूर्खाहरूको प्रतीक सुप्तुलुङ (चुला) राखी बितेका पितृपूर्खाहरूको अजर अमर अदृय चैतन्य आत्मालाई सेवापूजा गर्दछन्। मानिसको देह अन्त्यपछि आत्मा जीवितै रहने र पितृ सेवापूजा गर्दा उनीहरूको आत्मा चेतनाको रूपमा चुलामा आउने विश्वास राई समुदायमा पाइन्छ। माङपा/नाक्छोङसँग प्रत्यक्ष कुराकानी हुने कुरा उनीहरू बताउँछन्। विविध समयमा माङपा/नाक्छोङले भनेका तथ्य घटनाहरूले राई समुदायमा यसप्रति पूर्ण विश्वास रहेको पाइन्छ।

ब्रह्माण्डमा अवस्थित सम्पूर्ण भौतिक वस्तु तथा प्रकृतिबाट उत्पन्न भएका देखिने वस्तुगत वस्तुहरू, अर्ध देखिने र अदृश्य सूचना, मूल्य, विचार, गणित, बुद्धिमत्ता, तथा अनुभवजन्य वातावरणीय वस्तुगत र अदृश्य शक्तिहरू, चराचर भन्ने बुझिन्छ।

**दृश्य वस्तुहरू**

स्पेस र समयसँग अस्तित्वमा रहेका सम्पूर्ण देखिने भौतिक वस्तु वा पदार्थ, जीव साथै अन्य विकसित वातावरणीय विज्ञानसम्मत तत्वहरू दृश्य वस्तुअन्तर्गत पर्दछन्।

**अदृश्य वस्तुहरू**

सूचना, विचार, मूल्य, तर्क, गणित, बौद्धिकता, तरङ्ग, चेतना, आत्मा, मन, जीवका साथै अन्य विकसित वातावरणीय विज्ञानसम्मत अनुभवजन्य तत्वहरूलाई मात्र अदृश्य वस्तुहरूअन्तर्गत प्रकृतिवादीहरूले विश्वास गरेको देखिन्छ।

राई जातिको प्रकृति र समाजलाई हेर्ने दृष्टिकोण पनि प्राकृतिक वस्तुहरू र मानव समाजमा नै आधारित भएर चेतना, विचार र दार्शनिक चिन्तनको सिर्जनाका साथै विकास

भएको देखिन्छ। उनीहरू समुदायमा पनि दृश्यमा देखिने प्राकृतिक भौतिक वस्तुहरू, मानव समाज र दृश्यमा नदेखिने अभौतिक मन, भावना, विचार, चेतना, जीवन, मूल्य, तरङ्ग, हावा, शून्य आकाश साथै अनुभवजन्य कुराहरूमा विश्वास गरेको देखिन्छ।

आकाश, सूर्य, धर्ती, सिमेभूमे, नदीनाला, नाग, आगो, भिरलाई पूजा गर्ने गरिन्छ। मानव र चराचर जगत्लाई पाल्ने प्रकृतिलाई सर्वशक्तिमान मानी वार्षिक रूपमा नयाँ अन्नबाली पाक्ता उँधौली र नयाँ बाली छरपौ गर्दा उँभौली भनी प्रकृतिको पूजा गर्ने गरिन्छ। आफ्ना मृत पुर्खाहरूलाई ऐतिहासिक पितृत्व शक्ति मानी वार्षिक वा आवश्यकअनुसार नुवागी/न्वाँगी र अन्य पूजाहरू गर्ने गरिन्छ (राई, २०६७)।

राई जातिले माङ (पितृ) लाई देखिने मानव पूर्खा, प्रकृति र विश्वब्रह्माण्डको सृष्टिकर्ताको सर्वशक्तिमान रूपमा श्रद्धा र सम्मान गरेको देखिन्छ। घर (माङखिम) मा पितृपूर्खाहरू (माङ) को प्रतीक चुला राखी बितेका पितृपूर्खाहरूको अजरअमर अदृश्य चैतन्य, चेतना, आत्मालाई सेवापूजा गरेको पाइन्छ। मानिसको शरीर या देहको अन्त्यपछि आत्मा जीवित चेतनाको रूपमा रहने र पितृपूजा गर्दा उनीहरूको अदृश्य आत्मा, चैतन्य चेतना चुलामा आउने विश्वास राई समुदायमा पाइन्छ। माङपा/नाक्छोङसँग प्रत्यक्ष कुराकानी हुने कुरा उनीहरू बताउँछन्।

विजुवावादले जीवआत्मा र मानव पुर्खाको आत्मालाई जगाई, बोलाई उनीहरूको सचेत आत्मासँग अन्तर्क्रिया गरिने परम्परा व्यवहारमा बुझिन्छ। त्यस्तै वान्तावा शब्दकोश (२०८०) अनुसार किरात राई समुदायको माङपा/नछुङ संस्कृतिमा पनि पितृपुर्खा र प्रकृतिसँग नजिक रही उनीहरूको सचेत आत्मा, चेतना, माङसँग अन्तर्क्रिया (माङदुम) पितृहरूसँगको संवाद गरिने विश्वास राई माङ संस्कृतिमा विद्यमान परम्परा रहेको पाईन्छ।

मुन्दुमअनुसार 'माङ' लाई सर्वव्यापी, सर्वशक्तिमान, सर्वज्ञाता, अनन्त, अद्वितीय, महाशक्तिको स्रोत मानी पुजिन्छ, जसले सम्पूर्ण मानव जातिहरूलाई आपत विपतबाट उद्धार गरी रक्षा गर्ने कार्य गर्छन् भन्ने विश्वास गरिन्छ (राई, २०६७)। किरात राई जातिको जीवन दर्शन (रिदुम मुन्दुम) भन्नु नै तीन चुलाभित्र अन्तर्निहित सम्पूर्ण जीवन दर्शन (मुन्दुम) समेटिएको तीन ज्ञानदर्शन हो।

नछुङवाद/माङ्पावाद साथै जीव वा आत्मावाद, पितृपुर्खावाद संस्कृति भनेको प्रकृतिसँग नजिक रहने सरल, सहज, व्यवहारिक वास्तविक जीवन शैली रहेको देखिन्छ। तसर्थ

आदिवासी किरात राई समुदायले पितृपूर्खा, जीवआत्मा, प्रकृतिलाई दृश्यमा देखिने वस्तुगत र अदृश्य समय, चेतनाको रूपमा रहने माङको विभिन्न रूपहरूमा प्राचीन प्रागैतिहासिक कालदेखि आज पर्यन्त पूजाआजा, आराधाना, आदर सम्मान गर्ने परम्परा रहेको प्रस्ट बुझिन्छ ।

**मुन्दुममा माङ र सृष्टि प्रक्रिया**

१. दिवामाङ/निनाम्मामाङ (पुरुष पुर्खा+आकाश सृष्टिकर्ता) = वाद (Thesis⁺)
२. दिमामाङ/हेन्खामाङ (महिला पुर्खा+धर्ती सृष्टिकर्ता) = प्रतिवाद (Antithesis)
३. सावामाङ/साम्पुक थुप्सुङदिलुङमाङ (पुरुष+महिला अन्तरसम्बन्धबाट सृष्टि भएका सन्तान) = मानव समाज र चराचर जगत = संवाद/संश्लेषण (Synthesis thesis$^{+-}$)

यसरी सृष्टिकर्ता माङबाट किरात राई जातिको मुन्दुममा मानव र चराचर जगत्को सृष्टि प्रक्रिया (Origin Process of Nature) रचना भएको विज्ञानसम्मत वस्तुवादी विश्वदृष्टिकोण रहेको देखिन्छ । राई जातिको समाज र प्रकृतिलाई हेर्ने दृष्टिकोण पनि प्राकृतिक वस्तुहरू र मानव समाजमा नै आधारित भएर चेतना, विचार र दार्शनिक चिन्तनको सिर्जना साथै विकास भएको देखिन्छ । उनीहरूले दृश्यमा देखिने प्राकृतिक भौतिक वस्तुहरू, मानव समाज र दृश्यमा नदेखिने अभौतिक मन, भावना, विचार, चेतना, जीवन, मूल्य, तरङ्ग, हावा, शून्य आकाशजस्ता साथै अनुभवजन्य कुराहरूलाई माङको रूपमा विश्वास गरेको देखिन्छ । माङ आफैमा महिला र पुरुष अर्थात् वस्तु र विचार रहेको देखिन्छ भने यी दुई तत्वको अन्तरसम्बन्धबाट तेस्रो नयाँ सिर्जना हुने देखिन्छ जुन राई समुदायको सुप्तुलुङ (तीन चुला) ले प्रतिविम्बित गरेको हुन्छ । तसर्थ राई जातिले समाज र प्रकृतिलाई हेर्ने माङको दृष्टिकोण प्रकृतिवादी विज्ञानसम्मत नै रहेको देखिन्छ ।

**माङखिम (चुला/पितृघर)**

मानव समाज जङ्गली युगबाट कृषि युगमा प्रवेश गर्दा किरात बाहिङहरूका पुर्खाहरू जीविकाका चिजबिजहरू उपभोग गर्ने क्रममा स्थायी बासस्थान छाप्रोमा पकाइतुल्याइ खानका लागि स्थायी खालको ढुङ्गाको चुला प्रारम्भ गरे (बाहिङ, २०७५, पृ. ४१) । मेवाहाङ राईहरूमा पापा, मामा (बाबु, आमा)को शेषपछि छोराहरू जब मूलघरबाट छुट्टिन्छन्, त्यसपछि नयाँ घर निर्माण गर्दा सुप्तुलुङ (चुला) अनिवार्य रूपमा राख्नै पर्छ (राई, २०७५ पृ. ९०) । नयाँ घर बनाएर बस्नका लागि जसरी चुला अनिवार्य हुन्छ त्यसरी नै खामाङ (पित्र

राखिने ठाउँ) राख्नु पर्ने हुन्छ । सांस्कृतिक रूपमा खामाङबिनाको याम्फू खिम (घर) सम्भव हुँदैन । खामाङ वा माङ्सुकको सोझो अर्थ पितृ वा पुर्खा हुन्छ (याम्फू, २०७५ पृ.९५) ।

राई (२०७५) का अनुसार किरात राई पुर्खा पारुहँ र नाइमाले खाँबो गाडेर ढुङ्गा-माटोको गाह्रो लगाई सिरू तथा सालिमे घरको छाना लगाए । त्यसपछि घरभित्र आगो बाल्न अगेनामा तीनवटा ढुङ्गा राखी चुला तयार पारेको मिथक पनि पाइन्छ । तीन चुलाको प्रारम्भ पातेसुङ दिलीदुमा, तोमा, खेमा र खक्चिलिपुकै समयमा भएको हो भन्ने देखिन्छ ।

मानव समाज जङ्गली युगबाट कृषियुगमा प्रवेश गर्दा किरात पुर्खाहरूले जीविकाका क्रममा स्थायी बासस्थान छाप्रो (माङखिम) प्रारम्भ गरेको माथिको विभिन्न भनाइहरूबाट अनुमान गर्न सकिन्छ । पुर्खा (माङ) लाई नयाँ अन्न चढाउने परम्परा, साकेला र सिलीको उत्पत्ति जोडिएका चुलासम्बन्धी किंवदन्तीले माङखिमको निर्माण र पितृचुलाको प्रारम्भ पातेसुङ, दिलीदुमा, तायामा, खियामा र हेच्छाकुप्पाकै समयमा भएको हो भन्ने अनुमान गर्न सकिन्छ ।

माङछेम, भकारी, मुलथाम पुजा गर्ने स्थान घर नै माङखिम हो (राई, २०८२) । माङखिम भन्नाले पित्रीघर, सुप्तुलुङ भएको घर, घरमात्र भएर हुँदैन, धान, कोदो भकारी अनिवार्य हुन्छ (राई, २०८२) । माङखिम भनेको चुला, कोदो, धान, ३ भकारी राखेको घर बुझिन्छ (राई, २०८२) । माङखिम भनेको पित्री (सुम्दिलुङ, पारुलुङ, मामालुङ, माङछामि खिरिमिलुङ) सेवापूजा गरिने घर हो (मुकारुङ, २०७९) । माङखिम (पितृघर), माङमुमा (कुल पूजा), माङचोङमा (प्रकृति पूजा), माङछेम्बा (परमपितृ) जस्ता शब्दावली (वान्तावा शब्दकोश, २०८०, पृ. २४४-२४८) मा प्रयोग भएकोले राई समुदायमा आफ्नो घर भित्र सुप्तुलुङ (पितृचुला) स्थापना गरी माङको सेवा गरिने परम्परा रहेको माथिको भनाइहरूले स्पष्ट पार्दछ ।

दार्शनिक पूर्खाहरू (आत्मा ज्ञानी मुन्दुमी माङपा/नाक्छोङहरू) ले तीन चुलालाई मुख्य तीन नामले पुकारेको पाइन्छ । पहिलो चुला दिवालुङ पुर्खा/पित्र/आकाश/सृष्टि चुला) उत्तरतर्फ, दोस्रो चुला छेकुलुङ (छोरीचेली/महिला/धर्ती) लाई पश्चिमतिर, तेस्रो चुला साबालुङ/रुमिलुङ, हेन्खामालालुङ (सन्तान/दाजु भाई/समाज/जगत) लाई अन्य दुई चुलाहरू जस्तै समान दायाँ पूर्वतर्फ माङको रूपमा माङखिम (धर) मा राखिन्छ । तसर्थ राई जातिले सुप्तुलुङ स्थापना गरेर राखेको घरलाई नै माङखिम (पितृघर/चुलाघर) अथवा माङ राख्ने घर

भन्ने प्रस्ट बुझिन्छ । माङलाई सृष्टिकर्ता (पुर्खा र प्रकृति) को रूपमा सेवापूजा माङखिम (धर) भित्र नै गरेको देखिन्छ ।

**माङ (पितृ र प्रकृति) प्रति आस्था**

किरात राई जातिको जन्म, विवाह, मृत्यु दुःख बिमार हुँदा, शक्ति, धन आर्जन हुँदा साथै उभौली, उधौली, न्वागी, माङ्सिरे, विभिन्न संस्कारजन्य कार्यजस्ता समय र सन्दर्भमा माङ (पितृचुला/प्रकृति) लाई मानी सेवापूजा गर्ने गरेको परम्परा पाइन्छ, देखिन्छ । पितृ र प्रकृतिको प्रतीक सुप्तुलुङमाथि आस्था, विश्वास र भरोसा राख्दै मुन्दुमअनुसार जन्मदेखि मृत्यु पर्यन्तको संस्कर संस्कृतिमा माङहरूको सेवा, पूजा, वन्दना, आराधना गरिनु भनेको नै राई जातिले माङ (पितृ र प्रकृति) प्रति आस्था र विश्वास रहेको देखिन्छ । तसर्थ माङ नै किरात राई जातिको शुद्ध र पवित्र धार्मिक साथै सांस्कृतिक मानक केन्द्रको रूपमा रहेको देखिन्छ ।

## निष्कर्ष तथा सुझावहरू

किरात राई जातिको सुप्तुलुङ (पितृचुला) मा अन्तर्निहित माङ प्रमुख आस्थाको केन्द्र, मुख्य शक्तिको स्रोत, सांस्कृतिक मुल्य र मान्यताको आधार भूमिको रूपमा रहेको देखिन्छ । किरात राई समुदायमा सृष्टिकर्ता माङलाई पुर्खा र प्रकृतिको ठोस वस्तुगत प्रतीकको रूपमा सुप्तुलुङ (पितृचुला) लाई स्थापना गरी भौतिक र आत्मिक चैतन्यको सेवापूजा महान चाड उँभौली साथै उँधौलीमा गरेको पाइन्छ । माङ (पितृ र प्रकृति) को श्रद्धा, सम्मान, सेवा, पूजा, आराधाना, वन्दना, परिवारको भौतिक साथै बैचारिक व्यवस्थापन माङखिम (घरमा) नै सम्पन्न गरेको देखिन्छ । तसर्थ माङ राई जातिको सांस्कृतिक सम्पदा, शिक्षा, इतिहास, सभ्यता, ज्ञान, सिप साथै मुन्दुमको आधारभूत स्रोतको रूपमा रहेको देखिन्छ ।

सृष्टिको उद्गम विन्दु, पितृ र प्रकुतिको प्रतीक सुप्तुलुङ, मुन्दुमको आधार, ब्रह्माण्डीय उर्जा, समय, चेतना (cosmic energy and consciousness) नै माङको रूपमा रहेको देखिन्छ । राई जातिको मुन्दुममा मानव र चराचर जगत्को सृष्टि प्रक्रियाको वर्णन सृष्टिकर्ता माङबाट भएको उल्लेख विज्ञानसम्मत र वस्तुवादी विश्वदृष्टिकोण नै रहेको देखिन्छ ।




**अध्ययनका योगदानहरू**

राष्ट्रिय योजना आयोग (२०६४/६५-२०६६/६७) अनुसार लोपोन्मुख आदिवासी जनजातिका भाषा, संस्कृतिहरूको संरक्षण, सम्बर्धन र सचेतनाका निम्ति अध्ययन अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्य रहेको देखिन्छ (लामा, २०६८ पृ. १८५)। आदिवासी राई समुदायको सुप्तुलुङ (पित्री चुला) मा अन्तर्निहित मौलिक माङ संस्कृतिले भाषिक, सांस्कृतिक, सामाजिक, वैचारिक मूल्य र महत्व बोक्नुका साथै परिवार, जाति, समाज, राष्ट्रको धरोहर, सम्पदा साथै पहिचान भएकोले;

- यस अध्ययनले रैथाने क्षेत्रमा बसोबास गर्ने सरोकारवाला व्यक्ति, परिवार, जातीय समुदायहरू, सङ्घसंस्था, कलेज, विद्यालय, सञ्चार माध्यमहरू, स्थानीय, प्रदेश, साथै राष्ट्र र राज्यलाई पनि राई जातिको माङ संस्कृतिको अध्ययनले माङ प्रतिको मूल्य र विचार उजागरले महत्वपूर्ण योगदान पुऱ्याउने नै छ भने थप अध्ययन र अनुसन्धाका अनेकौं विषयहरूलाई उठान गर्ने छ।

## अध्ययनका सुझावहरू

- सरोकारवाला जातीय समुदाय, सङ्घसंस्था, स्थानीय, प्रदेश साथै सङ्घीय राज्यले प्रत्येक रैथाने समुदायको मौलिक संस्कृतिकको जगेर्नामा संवेदनशील भूमिका निर्वाह गनुपर्ने ।
- विश्वविद्यालयका विभिन्न तह र अन्य सरोकारवाला क्षेत्रमा शोधपत्र लेखन, कार्यपत्र प्रस्तुति, कार्यशालाको आयोजना गरिनुका साथै पाठ्यक्रमको विकास गर्दै लागु गरिनु पर्ने ।
- जातीय समुदायको मौलिक रैथाने संस्कृतिलाई बचाउन व्यावहारिक प्रयोगमा जोड, अडियो, भिडियो उत्पादन, संरक्षण र स्थानीय सञ्चार गृह, रेडियो, टिभीबाट प्रसारण गरिनु पर्ने ।
- रैथाने जातीय समुदायका स्रोत व्यक्तिहरूको खोज, अनुसन्धान तथा अध्ययनकर्ता, लेखक, सङ्कलक, संरक्षक, प्रवर्धक, सङ्घसंस्था, समुदाय, सञ्चारकर्मी साथै प्रसारणकर्ता सञ्चार गृहहरू यी सबै पुर्खाको नासो लोप हुनबाट बचाउने हाम्रो लोक संस्कृतिका जीवन वा प्राणदाता भएकाले उचित पहिचान, उत्प्रेरणा र सम्मान गरिनु पर्ने ।

## कृतज्ञता

जर्नल लेखको लागि प्राथमिक स्रोत व्यक्ति तथा सन्दर्भसामग्रीका लेखकहरू, **“इन्डिजिनियस नलेज एन्ड प्रयाक्टिस जर्नल”** प्रकाशक ग्रामर कलेज, सम्पादक बोर्ड प्रमुख प्रा.डा. विष्णु प्रसाद राई, व्यवस्थापक डा. जीवन खड्का, सदस्यहरू डा. तारामणि राई, डा. कृष्ण बहादुर राई, सल्लाहकारहरूका साथै अन्य सहयोगीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

**टिप्पणीः** किरात राई सन्दर्भ समाग्रीहरू साथै बोलचालको भाषामा पित्र, पित्री, पितृ शब्दको प्रयोग र प्रचलन देखिएकोले जस्ताको त्यस्तै साभार र लेखन गरिएको छ ।

## सन्दर्भ सामग्री सूची

खड्का, जीवन (२०७७). *परिमाणात्मक अनुसन्धान तथ्याङ्क विश्लेषण तथा SPSS को प्रयोग.* सिम्फोनी पब्लिकेसन प्रा.लि. ।

जेरुङ, नैन सेटाल्चो (२०७५/२०१८). किरात जेरूङ सामाफेली/प्वाँः कालब्रिक्चाप ( चुलापूजा). *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ.२३-२५ ।

दुङ्माली, असिम (२०७५). दुङ्माली भाषी किरातीहरूको चुला. *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ.४४-५२ ।

प्रज्ञा लोकवार्ता विवेचना (२०७५). प्रकाशकीय. (सम्पा. भवेश्वर पंगेनी). नेपाल प्रज्ञा प्रतिष्ठान ।

kbf, k|j0f -@)^*_= *x]vfdf-lggf0df=* ;Dgdf lyP6/ Ps8]dL .

बन्धु, चूडामणि (२०७२). लोकसहित्यका सिद्धान्त र अध्ययन पद्धति. *नेपाली लोकवार्ता* (गोष्ठीपत्र सँगालो. (सम्पा. जीवेन्द्रदेव गिरी). नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २०-२१ ।

बान्तावा शब्दकोश (२०८०). वान्तावा शब्दकोश तथा व्याकरण निर्माण समिति, पृ.२४४-२४८ ।

बाहिङ, रेनुका (२०७५).बाहिङ चुला. *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ.४१-४३ ।

याम्फू, होमप्रसाद (२०७५). याम्फू चुलो. *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ) आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ.९२- ९६, ।

राई, कमलजंग (२०७४). *साक्खेवा सिली,* डम्बरबहादुर राई ।

राई, खगेन्द्रबहादुर (२०७५). किरात साम्पाङ राई समाजमा सुतुलुङ, *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ.१०७- १११ ।

राई, चतुरभक्त (२०७५).किरात संस्कृतिको धरोहर चुला : उत्पत्ति, विकास, महत्व र संरक्षण. *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ.११७-११९।

राई, जयप्रसाद मुकारुङ (२०५६). *रिदुम् मुन्दुम्.* जयप्रसाद मुकारुङ ।

राई, जयप्रसाद मुकारुङ (२०६२). *रिदुम् मुन्दुम्.* मे.बाल कृष्ण मुकारुङ ।

राई, जयप्रसाद मुकारुङ (२०६२). *रिदुम् मुन्दुम्* (दोस्रो संस्क.). मे. बाल कृष्ण मुकारुङ ।

राई, जंगबहादुर (२०७५). खालिङ राई र चुला मानवशास्त्रीय अध्ययन. *किरात र सुप्तुलुङ* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ. १०)।

राई, दिलेन्द्र मुकारुङ (२०७१). तीन चुलाको दर्शन, *हिमाल खबर पत्रिका* (२८ वैशाख-३ जेठ २०७१). हिमाल मिडिया प्रा.लि.।

राई, दिलेन्द्र मुकारुङ (१० पुस, २०७२). किराती जीवन शैली, कान्तिपुर पब्लिकेशन प्रा.लि. ।

राई, नेत्रमणि दुमी (२०७५). सुसुदप्सी (पितृकार्य). *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ. ५५ -८० ।
राई, नेत्रमणि दुमी (२०७८). *किरात संस्कार संस्कृति.* दुमी किरात राई फन्सिकिम ।
राई, बालकृष्ण मुकारुङ (२०६७). *किरात राई जातिको रीतिरिवाज.* श्रीमती प्रेमकुमारी राई ।
राई, भक्त (२०७४). *पूर्वीय दर्शन.* नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।
राई, रामचन्द्र (रुपाबुङ) (२०६६/०६/०१). *प्राचीन किरातहरूले छाडेका सम्पदाहरू* (दोस्रो संस्क). पृ.४८०-५०४), मोराहाङ-१, तेह्रथुम ।
राई, सन्तकुमार इशारा (२०५५). *दोवाङदुम साम्कालिङ.* किरात राई यायोक्खा ।
राई, सुरज मेवाहाङ (२०७५).मेवाहाङ राईहरूको सुप्तुलुङ (चुला). *किरात र सुप्तुलुङ (चुला).* (सम्पा. तारामणि राई र भोगीराज चाम्लिङ). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पृ.८६-८९) ।
लामा, कुन्साङ (२०६८ पौष), आइएलओ महासन्धि १६९, राष्ट्र सङ्घीय घोषण पत्र र नेपालका आदिवासी जनजातिहरुको सवाल. *आदिवासी जनजाति जर्नल.* अङ्क ४, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ।
Animism.https://www.nepalidictionary.app›word› animism, retrieved on (19-09-2025).
Ancestralism.https://www.google.com.retrieved on (05-10-2025).
Cambridge Advanced Learner's Dictionary (2005).2nd Edition.https://www.google.com. retrieved on (10 Oct. 2023).
Naturalism Philosophy.https://en.wikipedia.org/wiki/.retrieved on (15 Aug. 2025).
uniqueinnepal.com/2021/07/blog-post_221.html.retrieved on (06-10-2025).

## अन्तवार्ता तथा व्यक्तिगत कुराकानी

मुकारुङ, पृथ्विराज बान्तावा (०२/२०६९-२०/१०/२०७९), व्यक्तिगत कुराकानी, वर्ष ७४, चोलन्ती ।
राई, डिक बान्तावा (१९/१०/२०८२), व्यक्तिगत कुराकानी, वर्ष ७८, नागी, भोजपुर ।
राई, रामचन्द्र रुपाबुङ (१९/१०/२०८२), व्यक्तिगत कुराकानी, वर्ष ७४, छिनामखु, भोजपुर ।
राई, भक्त रुछेन्बुङ (१९/१०/२०८२), व्यक्तिगत कुराकानी, वर्ष ७८, नागी, भोजपुर ।